**नीति जेजे - विद्यार्थी क्रियाकलापहरू (पाठ्यक्रम र अतिरिक्त कियाकलाप)**

अतिरिक्त क्रियाकलापहरूमा निम्न कुराहरू संलग्न हुनेछन् :

१.नियमित विद्यालय दिनदेखि बाहेक विद्यालय प्रायोजित क्रियाकलापहरू जसमा विद्यार्थीहरूको सुपरिवेक्षण आवश्यक हुन्छ

२. विद्यालय समयमा तर विद्यालय परिसरबाट टाढै आयोजना गरिएका विद्यालय प्रायोजित क्रियाकलापहरू

३. डेनभर पब्लिक स्कूलका खेलकूद कार्यक्रमहरू बाहेक डेनभर पब्लिक स्कूलका पर्खालभित्र हुने क्रियाकलापहरू र मनोरञ्जनात्मक कार्यक्रमहरूका अन्य अवस्थितिहरू

विद्यार्थी व्यवहार र अनुशासनका सबै नीतिहरू अतिरिक्त क्रियाकलापका लागि लागू हुनेछन् ।

प्रत्येक भवनमा अतिरिक्त क्रियाकलापका प्रिन्सिपल वा शिक्षक-प्रायोजकले अतिरिक्त क्रियाकलापका लागि लिखित नियमहरू विकसित गर्नुपर्नेछ । ती नियमहरूका बारेमा विद्यार्थीहरू र अभिभावकहरूलाई जानकारी दिनुपर्नेछ ।

फोरेन्सिक्स जस्ता विशिष्ट अन्तरविद्यालय क्रियाकलापको अनुगमनका लागि विशिष्ट लिखित नियमहरू विद्यालय प्रायोजकहरू र सुपरिन्टेन्डेन्टका प्रतिनिधिहरूले संयुक्त रूपमा विकसित गर्नुपर्नेछ ।

सबै अतिरिक्त क्रियाकलापहरू डेनभर पब्लिक स्कूलको मान्यता प्राप्त पर्सोनेलको सीधा पर्यवेक्षण अन्तर्गत हुनुपर्नेछ ।

अतिरिक्त क्रियाकलापका मान्यताप्राप्त पर्सोनेल अन्य प्रायोजकहरूले विद्यालयको अधिकार प्रस्तुत गर्छन् र उनीहरूको निर्देशन विद्यार्थीहरूले पालना गर्नुपर्नेछ ।

मान्यताप्राप्त पर्सोनेल र अन्य अतिरिक्त क्रियाकलापका अन्य प्रायोजकहरूले विद्यालय र डेनभर पब्लिक स्कुलको नीति र नियमहरूको सहयोग र व्यवस्थापनको जिम्मेवारी वहन गर्नुपर्नेछ । शिक्षक र अतिरिक्त क्रियाकलापका अन्य प्रायोजकहरूलाई उनीहरूले गरेका युक्तिसङ्गत र व्यवसायिक निर्णयहरूले प्रशासकीय स्टाफबाट सहयोग प्राप्त गर्नेछन् भन्ने कुरामा निश्चितता हुनुपर्छ ।

कुनै व्यक्ति वा समूहले कुनै क्रियाकलापबाट सहभागिता फिर्ता लिनु परेमा सोको निर्णय मान्यता प्राप्त पर्सोनेल वा अन्य प्रायोजकहरू वा प्रिन्सिपलको छलफलद्वारा हुनुपर्नेछ । त्यस्तो निर्णय उल्लङ्घनको गाम्भीर्यताको हिसाबमा हुनुपर्नेछ । तुरुन्तै कार्वाही चाहिने अनुशासन मान्यताप्राप्त पर्सोनेल वा अन्य प्रायोजकहरूको जिम्मेवारी हुनेछ र कार्वाहीले युक्तिसङ्गत र व्यावसायिक निर्णय प्रदर्शित गर्नुपर्नेछ ।

स्वीकृत : मे ७, १९६५

परिमार्जित : अगस्ट २०, १९७६

क्रस सन्दर्भ : जेआइसि, विद्यार्थी व्यवहार, र सबकोड्स

जेके, विद्यार्थी अनुशासन र सबकोड्स